# सूचना

नेपाल सरकार, परराष्ट्र मन्त्रालय, राहदानी विभागले मिति २०८३ असार २९ गते (तदनुसार सन् २०२६ जुलाई १३) देखि विद्युतीय राहदानीको नयाँ प्रणाली लागू गरेको कुरा सर्वविदितै छ। यस नयाँ प्रणालीमार्फत यस राजदूतावासले आवश्यक प्राविधिक तयारी पूरा गरी सोही दिन देखि नै राहदानी आवेदन दर्ता (Enrollment) सेवा प्रदान गर्दै आएको व्यहोरा जानकारी गराइन्छ।

नयाँ प्रणाली पूर्ण रूपमा स्थिर (Stabilize) हुन तथा अनलाइन Appointment फाराम भर्ने प्रक्रिया सुव्यवस्थित हुन केही समय आवश्यक पर्ने भएकाले प्रारम्भिक चरणमा सेवा प्रवाहमा सामान्य प्राविधिक अवरोध सृजना हुन सक्ने सम्भावना रहने देखिन्छ। यस्तो अवस्थामा समेत राहदानी विभागको सहायतामा सेवाग्राहीहरूलाई यथासम्भव सहज सेवा प्रदान गर्न यस राजदूतावास निरन्तर प्रयत्नशील रहेको छ।

यसै सन्दर्भमा मलेसियामा रहनुभएका सम्पूर्ण नेपाली नागरिकहरूलाई राहदानी सेवा अत्यावश्यक भएको अवस्थामा मात्र राजदूतावासमा उपस्थित हुनुहुन र अत्यावश्यक नभएको खण्डमा प्रणाली पूर्ण रूपमा स्थिर नभएसम्म केही समय पर्खनुहुन हार्दिक अनुरोध गरिन्छ।

साथै, राहदानी सेवाका लागि राजदूतावासमा आउनुअघि नयाँ वेबसाइट https://online.nepalpassport.gov.np बाट अनिवार्य रूपमा अनलाइन Appointment फाराम भरी सोही मितिमा मात्र उपस्थित हुनुहुन जानकारी गराइन्छ।

सेवाग्राहीहरूको सहज पहुँच र गुणस्तरीय राहदानी सेवा यस राजदूतावासको प्रमुख प्राथमिकता रहेको व्यहोरा अवगत गराउँदै यस अवधिमा यहाँहरुले देखाउनुभएको धैर्यता, समझदारी र सहयोगप्रति यस राजदूतावास हार्दिक आभार व्यक्त गर्दछ।

नेपाली राजदूतावास
क्वालालम्पुर
२०८३/०३/३१

नेपाली राजदूतावास क्वालालम्पुर

Wisma Paradise, No. 63, Jalan Ampang, 50450 Kuala Lumpur.
Tel: 03-2388 1935, 03-5887 7846, 03-5887 3945
E-mail: eonkualalumpur@mofa.gov.np, Website: my.nepalembassy.gov.np